**माननीय उप प्रधानमन्त्री तथा अर्थ मन्त्री श्री भरत मोहन अधिकारीज्यूबाट चालु आर्थिक वर्ष २०६७/६८ को बजेटको मध्यावधि मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्न आयोजित पत्रकार भेटघाट कार्यक्रममा व्यक्त गर्नु भएको मन्तव्य**

**आर्थिक वृद्धि, मुद्रा स्फीति र भुक्तानी सन्तुलन**

१. आर्थिक वर्ष २०६७७६८ को समग्र आर्थिक बृद्धिदर ४.५ प्रतिशत रहने अनुमान गरिएको थियो। मौसमी अनुकुलताको कारण प्रमुख खाद्यान्न वालीहरुको उत्पादनमा आएको उल्लेखनीय वृद्धिले गर्दा चालु आर्थिक वर्षमा समग्र कृषि क्षेत्रको वृद्धिदरमा सुधार आउने देखिन्छ। कुल गार्हस्थ उत्पादनमा एक तिहाईभन्दा बढी योगदान रहेको कृषि क्षेत्रमा देखिएको सुधारका कारण चालु आर्थिक वर्षको आर्थिक वृद्धिदर सहजै हासिल हुने देखिन्छ।

२. बजेटमा वार्षिक औषत मुद्रास्फिति ७.० प्रतिशतमा कायम रहने अनुमान रहेकोमा पहिलो ६ महिनाको औषत मुद्रास्फिति ११.३ प्रतिशत रहेको छ। पेट्रोलियम पदार्थको मूल्यमा गरिएको समायोजन, तरकारी, मसला, चिनी तथा मिठाईका साथै फलफुल आदिमा भएको मूल्य वृद्धि जस्ता कारणले उपभोक्ता मुद्रास्फितिमा चाप पर्न गएको परिप्रेक्षमा मुद्रा स्फीतिलाई लक्षित सीमा भित्रै राख्नु चुनौतीपूर्ण देखिन्छ।

३. सापेक्षिकरुपमा शान्ति सुरक्षामा सुधार एवं वन्द हड्ताल लगायतका समस्याहरुमा कमी आएकाले उत्पादनशील क्रियाकलापहरुमा बृद्धि भई निर्यातमा सुधार आएको छ। आयातको तुलनामा निर्यातको आधार नीकै साँघुरो भएको कारण व्यापार घाटा लगायत शोधनान्तर स्थितिमा अपेक्षित सुधार हुन सकेको छैन। निर्यात व्यापारको स्तर सुधारका लागि थप प्रयत्न गर्नुपर्ने देखिएको छ।

४. सरकारले निर्यात प्रोत्साहन गर्न लिएको वर्तमान नीति तथा आयात तर्फ सवारी साधन लगायत अनुत्पादक वस्तुको आयातलाई निरुत्साहित गर्ने नीतिको निरन्तरताले अन्तराष्ट्रिय व्यापारमा रहेको उच्च व्यापार घाटामा थप सुधार आउन सक्ने अपेक्षा गरिएको छ। औषधी तथा तरकारी जस्ता वस्तुको आयात उच्च दरले बढेको सन्दर्भमा आयात प्रतिस्थापन गर्न स्वदेशमा यस्ता वस्तुको उत्पादनमा थप प्रोत्साहन दिनु पर्ने देखिन्छ।

**सरकारी राजश्व, वैदेशिक सहायता तथा सार्वजनिक खर्च**

५. चालु आर्थिक वर्षको प्रथम छ महिनामा रु.९१ अर्ब ३३ करोड ४७ लाख राजश्व संकलन भएको छ। करदाताहरुको स्वेच्छिक सहभागीतामा वृद्धि, राजश्व प्रशासनको अथक प्रयास, राजश्व नीतिको समुचित कार्यान्वयन, कार्यसम्पादनमा शिघ्रता एवं सदाचार प्रवर्द्धनको प्रभाव स्वरुप राजश्व संकलन सन्तोषजनक रहेको छ। नेपाल राष्ट्र बैंकले उपलव्ध गराएको पछिल्लो तथ्यांक अनुसार २०६७ फागुनको पहिलो हप्तामा राजश्व असुली रु. ११० अर्व ४० करोड पुगी वृद्धिदर १४.६ प्रतिशत कायम भएको छ।

६. राजस्व संकलनको हालसम्मको प्रवृत्ति र सुधार कार्यक्रमका आधारमा आर्थिक वर्षको अन्त्यसम्ममा कूल राजश्व लक्ष्य अनुरुप नै उठ्ने अनुमान गरिएको छ ।

७. २०६७ पुससम्म रु.५२ अर्ब ८५ करोड वैदेशिक सहायताको प्रतिवद्धता प्राप्त भएको छ । चालु आर्थिक वर्षको बांकी अवधिमा थप रु.६४ अर्ब ७ करोड प्रतिवद्धता प्राप्त हुने अनुमान गरिएको छ ।

८. २०६७ पुससम्म रु.४ अर्ब ५० करोड मात्र आन्तरिक ऋण उठाइएको छ । चालु आर्थिक वर्षमा वजेटमा अनुमान गरिए अनुरुप नै आन्तरिक ऋण उठाइने प्रक्षेपण गरिएको छ । नेपाल राष्ट्र बैंकको पछिल्लो तथ्यांक अनुसार २०६७ फागुनको पहिलो हप्तासम्ममा रु. ८ अर्ब ५० करोड आन्तरिक ऋण उठाईएको छ ।

९. चालु आर्थिक वर्षको ६ महिनाको अवधिमा रु.७८ अर्ब ९० करोड ७८ लाख खर्च भएको छ । यो गत आर्थिक वर्षको सोही अवधिको खर्चभन्दा २.०४ प्रतिशत कम हो । यो खर्चमध्ये नगदतर्फ रु.७४ अर्ब २९ करोड १२ लाख र गैर नगद (वस्तुगत सहायता तथा सोझै भुक्तानी) तर्फ रु. ४ अर्ब ६१ करोड ६६ लाख खर्च भएको छ । नेपाल राष्ट्र बैंकले पछिल्लो समयमा उपलव्ध गराएको तथ्यांक अनुसार २०६७ फागुनको पहिलो हप्तासम्म नगद तर्फ रु. १२३ अर्ब ७७ करोड निकासा भैसकेको छ र पूँजीगत खर्च ८ प्रतिशतले वृद्धि भएको छ ।

१०. चालु खर्चको ठूलो हिस्सा उपभोग, अनुदान, व्याज भुक्तानी र कार्यक्रम खर्चमा छुट्याईएको हुंदा कार्यक्रम तर्फको वजेट पूरै खर्च नभए पनि अन्य शीर्षकको पुरै रकम खर्च हुने अवस्था छ । बजेट आइसकेपछि सृजना भएका थप दायित्व र थप निकासा माग भएका विषयहरुलाई पनि सम्बोधन गर्नु पर्ने अवस्था छ । चालु खर्चको कूल बजेट रु. १९० अर्ब ३१ करोड रहेकोमा रु.१७९ अर्ब ९ करोड पुग्ने संशोधित अनुमान छ । पूँजीगत खर्च रु. १२९ अर्ब रहेकोमा विगत वर्षकै प्रवृतिको आधारमा रु.११० अर्ब १० करोड खर्च हुने संशोधित अनुमान छ । सावाँ भुक्तानी वार्षिक अनुमान अनुसार नै हुनेछ ।

११. यसरी चालु आर्थिक वर्षमा कूल खर्च रु.३०७ अर्ब २३ करोड हुने संशोधित अनुमान छ ।

## प्रमुख नीति तथा कार्यक्रमहरुको कार्यान्वयन स्थिति

१२. वजेट ढिलो आएका कारण खर्च गर्ने अख्तियारी र कार्यक्रम स्वीकृति पनि स्वत: ढिलो भएकाले समीक्षा अवधिसम्म वजेट बक्तव्यमा उल्लेखित सबै नीति तथा कार्यक्रमहरु अझै पनि कार्यान्वयनमा जान सकेका छैनन ।

१३ सरकारले नीति घोषणा गरे मात्र पनि समाजमा त्यसले सकारात्मक प्रभाव पार्ने सन्देश केही नीतिले दिएका छन । संगठित मिलेमतो र साँठगाँठ गर्ने संगठनहरु गैर कानूनी मानिने नीतिको घोषणाले त्यस्तो प्रथाको अन्त्य गरी स्वस्थ प्रतिष्पर्धा गर्न सबैलाई प्रोत्साहन गरेको छ ।

१५. समयमै वजेट प्रस्तुत हुन नसकेको कारण पुस मसान्तसम्म कतिपय आयोजनाहरु कार्यक्रम स्वीकृति कै चरणमा रहेको देखियो । सरकारको आफ्नै स्रोतबाट सम्पन्न गर्ने गरी शुरुवात गरिएका आयोजनाहरुको र वहुवर्षीय ठेक्का गरी काम गरिरहेका आयोजनाहरुको भौतिक तथा वित्तीय प्रगति उत्साहजनक पाईएको छ । आर्थिक वर्षको बांकी अवधिको लागि सम्बद्ध निकाय क्रियाशील भै कार्ययोजना सहित काम गरेमा वजेटले अपेक्षा गरे अनुरुप प्रतिफल हासिल हुनेमा आशावादी हुन सकिने स्थिति छ ।

**समयमा वजेट नआउदा अर्थतन्त्रमा परेको प्रभाव**

१६ समयमा वजेट नआउदा सरकारी वित्त लगायत समष्टिगत आर्थिक परिसूचकहरुमा प्रतिकूल प्रभाव परेको छ । निजी क्षेत्रले लगानी गर्न विश्वासको वातावरण तयार हुन सकेन । सरकारी कोषमा ठूलो रकम वचत रहन गयो । कारणस्वरुप वजारमा तरलताको अभाव देखियो । मौद्रिक तरलताको अभावमा व्याजदर उच्च हुने र अर्थतन्त्र जोखिम तर्फ जाने अवस्था देखियो ।

**बजेट कार्यान्वयनमा देखिएका समस्या र चुनौति**

१७. बजेट कार्यान्वयनको प्रकृयामा विभिन्न किसिमका समस्या र चुनौती देखिएका छन् । पूर्ण आकारको बजेट आर्थिक वर्षको पाँचौ महिनामा मात्र जारी भयो । त्यस बीचमा एक तिहाई खर्चले धान्न नसकेकोले अत्यावश्यक सेवा प्रवाह र विकास कार्यक्रम रोक्नु पर्ने अवस्था समेत आयो । वजेट प्रस्तुत भैसकेपछि कार्यक्रम स्वीकृति लगायतका कार्यहरु समयमा सम्पन्न हुन नसक्दा यसको प्रभाव खर्चको परिमाण र गुणस्तरमा समेत परेको छ । एकातिर विनियोजित रकम खर्च नभएको अवस्था छ भने अर्को तिर नयाँ नयाँ कार्यक्रमको लागि थप वजेट माग गर्ने प्रवृत्ति समेत देखिएको छ ।

**आर्थिक वर्षको बाँकी अवधि र आगामी वर्षको बजेट तर्जुमा गर्दा गर्नुपर्ने सुधार**

१८. वजेट कार्यान्वयनलाई प्रतिफलमुखी वनाउनको लागि समयमै अख्तियारी र कार्यक्रम स्वीकृतिका कार्यहरु सम्पन्न गर्नु पर्ने, रोक्का रहेको तेश्रो चौमासिक निकासा फुकुवा गर्ने, वैदेशिक सहायताको उपयोग क्षमतामा बृद्धि गर्ने, अन्तर निकाय समन्वयमा वृद्धि गर्ने, आर्थिक वर्षको बीचमा ठूलो रकमको निकासा, रकमान्तर श्रोतान्तर नगर्ने लगायतका विषयहरुमा केन्द्रीत हुनु पर्ने देखिएको छ । नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि बाँकी अवधिमा समयवद्ध कार्ययोजना बनाई समन्वयात्मक ढंगमा कार्यान्वयन प्रक्रियालाई तिब्रता दिन आवश्यक देखिन्छ ।

१९. विगतको बजेट कार्यान्वयनबाट पाठ सिक्दै आर्थिक वर्ष शुरु हुनु अगावै बजेट पारित र कार्यक्रम स्वीकृति गर्न पहल गर्नुपर्ने देखिएको छ । नतिजामा आधारित बजेट प्रणालीको कार्यान्वयन, त्रिवर्षीय खर्च प्रक्षेपण र बहुवर्षीय ठेक्का प्रणालीलाई परिमार्जन गर्दै व्यापक तुल्याउनु पर्दछ । स्रोतको निश्चितता गरेर मात्र बजेट विनियोजन गर्ने, बजेट तर्जुमामा सहभागिता वृद्धि गर्ने, खर्चका मापदण्डहरु निर्धारण गर्ने तर्फ आवश्यक पहल गर्नु पर्ने देखिन्छ । साथै, विकास आयोजनाहरुको सफल कार्यान्वयनका लागि जग्गा प्राप्ति ऐन,

खरीद ऐन, निजामती सेवा ऐनमा समसामयिक सुधार र संशोधनको खाँचो समेत रहेको छ । टेण्डर प्रक्रिया र खरीद ऐन, नियममा समसामयिक सुधार गर्न आवश्यक छ । अनुगमन मूल्यांकनलाई नतिजामूलक बनाउन यसको प्रक्रिया र कार्ययोजना, समयावधि, जिम्मेवारी तथा प्रतिवेदनको ढाँचामा एकरुपता कायम गर्नु आवश्यक देखिएको छ ।

**तत्काल सम्बोधन गर्नु पर्ने विषयहरु**

२०. वर्तमान सरकार गठन पछि आम जनतामा थप आशा र अपेक्षा बढेर गएको छ । यी कुरालाई सम्बोधन गर्नु पर्दा हाल भैरहेकै वजेटबाट केही नयाँ कार्यक्रमलाई सम्बोधन गर्ने वा केही नयाँ कार्यक्रम समेत समावेश गरी पुरक वजेट ल्याउने भन्ने विषयमा राजनैतिक सहमतिका आधारमा टुंगोमा पुगिनेछ । तथापी, जनताका अपेक्षा अनुसारका कार्यक्रमहरु संचालन गरिनेछ ।

२१. मुलुकभित्र लगानीको वातावरण निर्माण गर्न, लोड सेडिङको समस्या समाधान गर्न र आर्थिक क्रियाकलापमा तिव्रता ल्याउन सरकारले निजी क्षेत्रसंग सहकार्य गर्नेछ ।

२२. पूँजीगत खर्चलाई तिव्रता दिई आम जनतामा विकासको प्रतिफल पुऱ्याउन मन्त्रालयस्तरमा, राष्ट्रिय योजना आयोगमा, अर्थमन्त्रीस्तरमा र प्रधानमन्त्रीकोस्तरमा अनुगमन र समीक्षाको कार्यलाई तिव्रता दिईनेछ ।

२३. तोकिएको वार्षिक लक्ष्य अनुसार राजश्व असूली गर्न राजश्व कार्यालयलाई कार्ययोजना बनाई काम गर्न निर्देश गरिनेछ । राजश्व चुहावटका हर्कतहरुलाई निस्तेज गरिनेछ । गलत काम गर्ने उपर कानून बमोजिम कडा कारवाही गरिनेछ ।

२४. केन्द्रीय राजश्व वोर्ड गठन गर्ने, मुद्रा शुद्धिकरणतर्फ अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुसार जारी गर्नु पर्ने कानूनका लागि विशेष पहल गर्ने लगायतका विगतमा हुन नसकेका कामलाई यसै आर्थिक वर्षभित्र पुरा गरिनेछ ।

२५. आगामी आर्थिक वर्षको वजेट निर्माण गर्न राष्ट्रिय योजना आयोगबाट सिलिङ्ग र मार्गदर्शन जारी भैसकेको छ । यस अनुरुप छिटै वजेट ल्याउन विशेष गृहकार्य प्रारम्भ गरिनेछ ।

१६ फागुन २०६७

सिंहदरबार, काठमाडौं ।